खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

बैठक संख्या २२

मिति:२०८२।०१।१५गते शुक्रबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएंका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र वहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | |

रमेश सुनुवार

अधिकृत

| | | | |
|---|---|---|---|
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री रमेश सुनुवार | प्रमुख प्रशासकीय अधिकृत | |
| १९ | श्री सुर्य प्रकाश सुनुवार | रोजगार संयोजक | |

रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र वित्तिय सुशासन जोखिम स्वंमूल्यांकनका लागि (FRRAP) पेश गरिएको र सो पश्चात् जि.स.स.बाट पृष्ठपोषण सहित प्राप्त हुन आएको क्रमशः ७२.५ र ६० अंकको प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०८१/८२ का लागि साना सिंचाई कार्यक्रमको आगामी आ.व. २०८१/८२ सम्मका लागि यस गाउँपालिकामा कार्य गर्न म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आगामी आ.व. २०८१/८२ का लागि खिजीदेम्वा गाउँपालिका वडा नं. ५ को पात्ले खर्क खोंचवाट, चर्नालु, चुलीकात्ती सम्मको सडक विस्तारका लागि संघ समपूरक बजेट स्वरुप रु. १,००,००,०००।- (एक करोड रुपैयाँ) रकम माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

साथै आगामी आ.व. २०८१/०८२ देखि बहुवर्षीय योजनाका लागि विशेष अनुदान बजेट स्वरुप रगन्नी, चण्डेश्वरी, फेदी, योलुङ हुँदै ओखलढुङ्गा जोड्ने करिव ३५ कि.मि. प्रमुख सडक स्तरोन्नतिका लागि संघ विशेष अनुदान तर्फ रु. ५,००,००,०००।-(पाँच करोड रुपैयाँ) रकम माग गर्ने निर्णय गरियो।

निर्णय नं. ४

खिजीदेम्वा गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि विधायन समितिबाट संशोधन सहित प्राप्त आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ को प्रथम संशोधन मस्यौदामा आवश्यक हेरफेर तथा संशोधनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

आमा समूह/सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८० तथा यसको विधान पारित गर्ने सम्बन्धमा छलफल गर्दा खिजीदेम्वा गाउँपालिकामा आमा समूह तथा सञ्जालहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक देखिएकोले विधायन समितिबाट प्राप्त मस्यौदा उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

गन्दु शेर्पा
गाउँपालिका अध्यक्ष

रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि खिजीदेम्वा गाउँपालिकावाट उपलब्ध गराइने सेवा तथा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक देखिएकोले विधायन समितिवाट प्राप्त मस्यौदा उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

खिजीदेम्वा गाउँपालिकामा कृषि तथा कृषि सम्बद्ध मामिलालाई व्यवस्थित गर्न मार्ग प्रशस्त गर्न विधायन समितिवाट मस्यौदा निर्माण भै प्राप्त भएको कृषि नीति,२०८० को मस्यौदा माथि छलफल गरी मस्यौदामा छलफल गरियो र आवश्यक देखिएका विषयहरुमा संशोधन तथा हेरफेर गरी कृषि नीति, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

खिजीदेम्बा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा चमेना गृह सञ्चालन गर्न यस गाउँपालिकाको विधायन समितिवाट प्राप्त खिजीदेम्बा गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि, २०८० को प्राप्त मस्यौदा उपर छलफल गरी मस्यौदामा आवश्यक देखिएका विषयहरुमा संशोधन तथा मूल्य सूचीमा आवश्यक हेरफेर गरी कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

खिजीदेम्बा गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गर्न आवश्यक देखिएको हुँदा विधायन समितिवाट निर्माण भई प्राप्त मस्यौदा उपर छलफल गरी मस्यौदामा आवश्यक संशोधन तथा हेरफेर गरी खिजीदेम्बा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

युवा तथा खेलकूद विकास तथा संरक्षण कार्यविधि, २०८० निर्माण गरी लागु गर्न आवश्यक देखिएकोले विधायन समितिवाट प्राप्त मस्यौदा उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

भौतिक पुर्वाधार तथा सेवा व्यवस्थापन गर्ने ऐन, २०८० मा संशोधन गर्ने विषयमा गाउँपालिका विधायन समितिबाट प्राप्त संशोधन मस्यौदामा हेरफेर तथा संशोधन गरी संशोधनका लागि गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. १२

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner